आर्थिक बर्ष २०७८/०७९को

# अर्ध बार्षिक बुलेटिन

संवत २०७८ साल माघ

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी
odoti.moha.gov.np



## प्रमुख जिल्ला अधिकारी ज्यूको मन्तव्य

मुलुकमा शान्ति सुरक्षा, स्थीरता र अमन चयन कायम गर्ने गृह प्रशासनको मूलभूत जिम्मेवारीलाई केन्द्र देखि स्थानीय स्तरसम्म वहन गर्ने क्रममा जिल्लामा शान्ति सुरक्षा अमन चयनको वातावरण कायम गर्ने, हरेक नागरिकको मौलिक हकको उपभोगको सहज वातावरण श्रृजना गर्ने, विकास निर्माणमा सरोकारवाला सवैसंग समन्वय, सहयोग र सहजीकरण गरी जिल्लाको समग्र विकासमा महत्वपूर्ण योगदान पुरयाउन स्थापित जिल्ला प्रशासन कार्यालय आज पनि जिल्लाको प्रमुख प्रशासकीय निकाय र संघीय सरकारको आधिकारिक प्रतिनिधि संस्थाको रुपमा रही आएको छ ।

जिल्लाको समग्र शान्ति सुरक्षा, अपराध नियन्त्रण लगायतका कार्यमा सुरक्षा निकायको परिचालन, नागरिकता, राहदानी वितरण, विपद व्यवस्थापन, वस्तु तथा सेवाको सहि र सुलभ आपूर्तिका माध्यमबाट उपभोक्ताको हित संरक्षण गर्ने, विभिन्न ऐन नियमद्वारा तोकिएका कसूरहरुमा शुरु कारवाही र किनारा गरी अर्धन्यायिक निकायको भूमिकाको साथै सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरुको काम कारवाहीको अनुगमन गरी सेवाको प्रभावकारिता वृद्धिका लागि समन्वय/सहयोग र सहजिकरण गरी सुशासन कायम गर्ने, संघ, प्रदेश र स्थानीय तहसंग समन्वय गरी जिल्लाको समृद्धिका लागि महत्वपूर्ण भूमिका यस कार्यालयले निर्वाह गरी आएको छ । यसै सन्दर्भमा जिल्ला प्रशासन कार्यालयले अर्ध बार्षिक अवधिमा सम्पन्न गरेका काम कारवाहीको वारेमा प्रस्तुत बुलेटिनको माध्यमबाट सर्वसाधारणलाई जानकारी गराउन पाउदा खुशी लागेको छ ।

कार्यालयले सम्पादन गरेका कार्यहरुको सम्वन्धमा समय समयमा कार्यालयको वेभसाईट तथा फेस वुक पेज मार्फत सार्वजनिक गरिदै आइएको छ। प्रस्तुत प्रकाशनबाट सम्वन्धित सवैलाई लाभ पुग्ने विश्वास गरिएको छ । अगामी दिनमा पनि निरन्तर कार्यालयबाट सम्पादित कृयाकलाप तथा असल अभ्यासका सम्वन्धमा वार्षिक वुलेटिन मार्फत थप जानकारी गराउने प्रतिवद्धता व्यक्त गर्न चहान्छु। तसर्थ आदरणीय सेवाग्राही महानुभावहरु, अन्य सरोकारवाला निकाय तथा विद्वत व्यक्तित्वहरुबाट रचनात्मक सल्लाह र सुझाव प्राप्त भएमा सेवा सुद्दढिकरणमा मद्दत पुग्ने विशवास व्यक्त गर्दै यस अर्ध बार्षिक बुलेटिनको तयारी कार्यमा संलग्न सवै कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चहान्छु ।

## डोटी जिल्लाको सामान्य परिचय

डोटी जिल्ला नेपालको सुदूरपश्चिम प्रदेशमा रहेको पहाडी जिल्ला हो। प्राकृतिक सम्पदा तथा धार्मिक स्थलहरु र संस्कृतिले डोटी सम्पन्न छ । त्यसका साथै यो जिल्ला भौगोलिक, जैविक, सामाजिक, साँस्कृतिक विधितायुक्त छ ।

### संक्षिप्त ऐतिहासिक पृष्ठभूमि :

१३औं शताव्दी तिर निरञ्जन मल्लद्धारा स्थापित डोटी राज्य नेपालमा गाभिनु पूर्वसम्म शक्तिशाली राज्यको रुपमा रहेको देखिन्छ । १८४६ मा गोर्खाली फौजसँगको पराजय पश्चात नेपाल राज्यमा गाभिए देखि २००७ साल पूर्वसम्म राणाकालीन समयमा पश्चिम कमाण्डिङ जर्नेलद्धारा प्रशासित र २००७ सालपछि मुलुकमा आन्तरिक व्यवस्था सञ्चालनका लागि पहिलो पटक केन्द्रमा गृह मन्त्रालय मातहत गौडा/गोश्वारा र मूख्य प्रशासकीय अधिकारीको रुपमा बडाहाकिमको व्यवस्था भए बमोजिम डोटी गौँडाको रुपमा यस जिल्लाबाट कार्यसम्पादन हुँदै आएको थियो । २०१७ सालको परिवर्तन र २०१८ सालमा मुलुकलाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेपश्चात् डोटी सेती अञ्चलको छुट्टै जिल्लाको रुपमा रहेको पाइन्छ। ।

### भौगोलिक अवस्थिति तथा जलवायु :

साविकमा सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत पर्ने डोटी जिल्ला हाल सुदूर पश्चिम प्रदेशमा पर्दछ । सिलगढीमा जिल्ला सदरमुकाम रहेको यस जिल्लाको पूर्वमा अछाम र सुर्खेत, पश्चिममा डडेल्धुरा र बैतडी, उत्तरमा बझाङ, वाजुरा तथा दक्षिणमा कैलाली जिल्लाहरू रहेका छन् ।

डोटी जिल्ला समुद्र सतहदेखि ६०० मिटर देखि ३४३० मिटरको उचाईमा रहेको छ । भौगोलिक असमानता र विवधताका कारण यहँको हावापानीमा विषमता पाईन्छ । यस जिल्लाको ६०% भू-भाग समशीतोष्ण, १७% भू-भाग अर्धोष्ण र २३% भू-भाग शित प्रदेमा पर्दछ । यस जिल्लामा औषत वार्षिक १३४.७ मिलिमिटर बर्षा हुन्छ ।

डोटी जिल्ला २८.५२° उत्तरी अक्षांश देखि २९.२८° उत्तरी अक्षांशसम्म तथा ८०.३०° पूर्वी देशान्तर देखि ८१.१४° पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लामा अधिकतम तापक्रम दिपायलमा ४४°C देखि न्यूनतम तामपक्रम ०.२°C खप्तड क्षेत्रमा हुने गर्दछ । यस जिल्लाको जम्मा क्षेत्रफल २०२५ वर्ग कि.मि.रहेको छ । यो जिल्लाको अधिकांश भू-भाग पहाडी क्षेत्रमा रहेको छ । यस जिल्लाको उत्तरी क्षेत्रमा रहेको भु-भाग र चुरे पूर्वतिरका भू-भाग जंङ्गलले ढाकेको छ । अधिकांश भू-भाग बढी भिरालो धरातल तथा कडा चट्टान र वालुवाले बनेकोले छ । साथै यो क्षेत्र भौगोलिक दृष्टिकोणबाट पनि अति संवेदनशील मानिन्छ ।

### प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरु :

#### खप्तड क्षेत्र :

यस जिल्लाको प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरुमध्य खप्तड क्षेत्र प्रमुख स्थल हो । यो क्षेत्र सेती अञ्चलका ४ पहाडी जिल्लाहरू बझाङ, बाजुरा डोटी र अछाम जि ल्लाको संगम स्थलमा अवस्थित छ । यो क्षेत्र नेपालको मात्र नभई संसारकै राम्रो पर्यटकीय स्थलका रुपमा रहेको छ । यो क्षेत्र ५० वर्ष सम्म खप्तड बाबाले तपस्या गरेको पवित्र ठाउँ पनि हो । सुदूरपश्चिमको भूस्वर्ग भनिने खप्तडको त्रिवेणीमा रहेको त्रिवेणी मन्दिर र त्यस वरपर २२ वटा पाटन रहेका छन् ।



*खप्तड क्षेत्र*

## शैलेश्वरी क्षेत्र :

डोटी जिल्लाको प्रमुख धार्मिक स्थलहरुमध्यको एक शैलेश्वरी क्षेत्र जिल्ला सदरमुकाम सिलगढीमा अवस्तित छ ।

प्रत्येक जेठ र कार्तिक पुर्णिमाका दिन विशेष मेला लाग्ने गर्छ । यो मन्दिरलाई नेपालको सूदूर पश्चिमका नौ भगवतीहरूका मन्दिरहरू मध्य एक मन्दिर मानिन्छ । शैलेश्वरी मन्दिर वरपर अन्य विभिन्न शक्ति पीठहरु रहेका छन । शैलेश्वरी अवस्थित ठाँउलाई प्राचिन समयमा चन्द्रगिरी पर्वतका नामले चिनिने पौराणिक मान्यता छ ।



शैलेश्वरी मन्दिर

## बडिकेदार क्षेत्र :

बडीकेदार डोटी जिल्ला बडीकेदार गाउँपालिका वडा नं ५ मा अवस्थित धार्मिक स्थल हो । डोटी वोगटान लानाकेदारेश्वरको उत्तर तर्फ पर्ने लेकको चुचुरोमा बडिकेदार अवस्थित छ । यस क्षेत्रमा कार्तिक शुक्लपक्ष त्रियोदशी ठूलो विशेष मेला लाग्ने गर्दछ ।

केदारको जात्रालाई त्यस क्षेत्रमा ठूलो धार्मिक पर्व मान्ने गरिन्छ । कार्तिक शुक्लपक्ष त्रियोदशी त्यस क्षेत्रमा रात भरी बाजागाजा सहित पर्व मनाउने गरिन्छ ।



बडिकेदार धाम

## छहरा झरना :

डोटी जिल्लाको पर्यटकीय स्थलहरु मध्ये अर्को एक प्रमुख स्थल छतिवन ताल हो । जोरायल गा.पा. वडा नं. २ मा पर्ने यो झरना आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि प्रमुख गन्तव्य स्थल हो । करिव १०० मिटर उचाई रहेको उक्त झरना बुडर बजारबाट ८ कि.मी. सडक दुरीमा पर्दछ ।

## डोटी जिल्लाको नक्सा






छहरा झरना

## बगलेक क्षेत्र :

सुदूरपश्चिम प्रदेशको प्रमुख पर्यटकीयस्थल खप्तडको प्रवेशद्वारमा पर्ने बगलेक क्षेत्र पनि एक प्रमुख प्रयटकीय स्थल हो । डोटी जिल्लाको पूर्वीचौकी गाउँपालिका–२ स्थित बगलेक खप्तडको प्रवेश द्वारका रुपमा चिनिन्छ । मिनि खप्तडको रुपमा चिनिने बगलेक क्षेत्रमा मनोरम फाटहरु रहेका छन । उक्त स्थानबाट विभिन्न क्षेत्रको मनोरम दृष्यहरु अवलोकन गर्न सकिन्छ ।



वगलेक क्षेत्र

## भेलछडा झरना :

सायल गाउँपालिका–३ मा अवस्थित भेलछडा झरना नेपालकै प्रमुख झरना मध्यकै एक प्रमुख झरना हो । यो झरना अति नै मनमोहक र सुन्दर छ । झरनामा बाह्रै महिना पानिको बहाव उच्च रहन्छ ।



| संक्षिप्त डोटी : | |
|---|---|
| जिल्ला | डोटी |
| प्रदेश | सुदूरपश्चिम |
| निर्वाचन क्षेत्र | संघीय १, प्रदेश २ |
| पालिका | न.पा. २, गा.पा. ७ |
| अवस्थिति | चुरे पर्वत भन्दा उत्तर |
| उचाई | ३३५ देखि ३२९५ मि.सम्म |
| सिमाना | पूर्वमा अछाम र सुर्खेत, पश्चिममा डडेल्धुरा र बैतडी, उत्तरमा बझाङ तथा दक्षिणमा कैलाली |
| क्षेत्रफल | २,०२५ वर्ग कि.मि. |
| अक्षांस | २८.५२° उत्तरी अक्षांश देखि २९.२८° उत्तरी अक्षांशसम्म |
| देशान्तर | ८०.३०° पूर्वी देशान्तर देखि ८१.१४° पूर्वी देशान्तरसम्म |
| हावापानी | विषम (समशितोष्ण, अर्धउष्ण र शित) |
| तापक्रम | ३६.८°C देखि न्यूनतम ०.२°C |
| जनसंख्या | २११७४६ |
| महिला | ११४४९४ |
| पुरुष | ९७२५२ |
| घरधुरी | |
| धार्मिक तथा पर्यटकीय स्थलहरु | खप्तड क्षेत्र, शैलेश्वरी क्षेत्र, वासुधारा, असुद्वाला गुफा, बडीकेदार, भेलछडा झरना, छतिवन ताल, बगलेक क्षेत्र, जोरपानी, छहरा झरना, कलरुवा क्षेत्र वडिकेदार अदि । |
| वनजङ्गल | १२८९२०.५० हेक्टर |
| | |

## डोटी जिल्ला अन्तरगतका स्थानीय तहहरु

| क्र.सं. | स्थानीय तहको नाम | वडा संख्या | केन्द्र | क्षेत्रफल (वर्ग कि.मी.) | जनसंख्या |
|---|---|---|---|---|---|
| १. | दिपायल सिलगढी नगरपालिका | ९ | सिलगढी | १६२.६२ | ३६,०३८ |
| २. | शिखर नगरपालिका | ११ | तलकोट | २८५.३९ | ३१,८०१ |
| ३. | जोरायल गाउँपालिका | ६ | सरस्वती नगर | ४१९.०९ | २१,२९६ |
| ४. | बडिकेदार गाउँपालिका | ५ | बर्छेन | ३३२.५५ | १६,७३१ |
| ५. | बोगटान फुड्सिल गाउँपालिका | ७ | चवराचौतारा | ३२२.०० | १७,९०६ |
| ६. | के.आई.सिंह गाउँपालिका | ७ | दुर्गामाण्डौं/वायल | १२७.०१ | २०,९०३ |
| ७. | सायल गाउँपालिका | ६ | दुदुलेगडा | १२२.७२ | १९,५७५ |
| ८. | आदर्श गाउँपालिका | ७ | कालिकास्थान | १२८.४७ | २४,४८२ |
| ९. | पूर्वीचौकी गाउँपालिका | ७ | सानागाउँ | ११७.६६ | २२,४८९ |

### जातजाती अवस्था :

राष्ट्रिय जनगणना, २०६८ अनुसार यस डोटी जिल्लामा ३६ वटा जातजाती र २१ मातृ भाषिहरूको बसोबास रहेको छ । यस जिल्लाका प्रमुख जातजातिहरू निम्नानुसार छन्:

| क्र.सं. | जातजातिको नाम | प्रतिशत |
|---|---|---|
| १. | क्षेत्री | ५७.७% |
| २. | कामी | १२.१% |
| ३. | ब्राह्मण | ८.०% |
| ४. | दमाई | ४.५% |
| ५. | ठकुरी | ३.६% |
| ६. | मगर | ३.४% |
| ७. | सार्की | २.३% |
| ८. | वादी | १.४% |
| ९. | लुहार | १.१% |
| १०. | नेवार | ०.५% |
| ११. | अन्य (गुरुङ, तामाङ राई, आदि) | ५.४% |

### पेशा, रोजगारी तथा उत्पादन :

यस जिल्लाका मानिसहरु रोजगारीको सिलसिलामा छिमेकी मुलुक भारत लगाएत मलेसिया, कतार, कोरिया लगाएतका विदेशी मुलुकहरुमा जाने गरेको पाइन्छ । स्वदेश भित्रै विविन्न सरकारी तथा गैरसरकारी कार्यालयहरु, संघ संस्थाहरुमा पनि रोजगारी गर्ने गरेका छन । यस जिल्लामा विभिन्न पेशा अपनाई आत्मनिर्भर हुनेहरु छन । यसका सथै यहाँका मानिसहरुले पशुपालन गरी जिविका निर्वाह गर्ने कार्य पनि गर्ने गरेका छन । २०६८ को जनगणनाअनुसार यहाँका ८८.९% परिवारहरु कृषि पेशा गर्ने गरेको पाईन्छ । जसमध्ये ९८.८% ले खेतीपाती गर्दछन् भने १.२% पशुपंक्षी पाल्ने कृषक परिवार छन् । मुख्य रुपमा यस जिल्लामा खाध्य वाली अन्तरगत धान, गहुँ, कोदो, जौ, फापर, मकै, बदाम, दलहन वालि अन्तरगत मास, मसुरो, भटमास, वोडी तरकारी वालि अन्तरगत आलु, प्याज, मुला, गाजर, आदि उत्पादनहरू हुन्छन । यहाँ उत्पादित कृषिबाली तथा फलफूलहरू छिमेकी जिल्लाहरू डडेल्धुरा, कैलालीसम्म समेत व्यापार हुने गरेको पाईन्छ । जिल्ला सदरमुकाम सिलगढी, पिपल्ला, राजपूर, दिपायल, बुडर, जोरायल, साजघाट, वि.पि.नगर र नारी दाङ्ग, यहाँका प्रमुख बजारहरू हुन् ।

### भाषा र धर्म :

जातजाडोटी जिल्लामा जातीय, भाषिक र धार्मिक क्षेत्रमा विविधता पाईन्छ । यस जिल्लामा अधिकांश हिन्दु धर्मावलम्बी भए पनि बौद्ध, ईसाई तथा अन्य धर्मावलम्विहरु पनि बसोवास गर्दछन । २०६८ सालको जनगणना अनुसार यहाँको धार्मिक संरचना निम्नानुसारको रहेको छ ।

| क्र.सं. | धर्म | प्रतिशत |
|---|---|---|
| १. | हिन्दु | ९९.०% |
| २. | बौद्ध | ०.७५% |
| ३. | इसाई | ०.१३% |
| ४. | अन्य (प्रकृति पूजक, किराँतसमेत) | ०.१२% |

त्यसैगरी मातृ भाषा बोल्नहरुको जनसंख्या हेर्दा डोट्याली ९०.०६ प्रतिशत, नेपाली ७.४२ प्रतिशत, मगर ०.९८ प्रतिशत, खाम ०.४२ प्रतिशत, ०.१८ प्रतिशत बैतडेली प्रमुख मातृभाषा का रुपमा रहेका छन् र बाकी ०.०४ प्रतिशत अन्य मातृभाषा यस जिल्लामा बोलिदै आएको छ ।

### साक्षरतादर :

राष्ट्रिय जनगणना २०६८ अनुसार यस डोटी जिल्लाका ७ वटा गाउँपालिका तथा २ नगरपालिका मध्ये जोरायल गाउँपालिकाको साक्षरता सबै भन्दा उच्च ७०.१% रहेको छ भने सबै भन्दा न्युन साक्षरता सायल गाउँपालिकाको ४४.१% रहेको छ । यस जिल्लाका गाउँपालिका र नगरपालिकाहरुको साक्षरता विवरण यस प्रकार रहेको छ । त्यसैगरी दिपायल सिलगढी न.पा. ६४.९%, बडीकेदार गा.पा. ६२.८%, बोगटान गा.पा. ५५.२%, शिखर न.पा. ५५.१%, के.आई.सिं. गा.पा. ५२%, पूर्वीचौकी गा.पा. ५१.२%, आदर्श गाउँपालिका ४६.८%, रहेको छ ।

# जिल्ला प्रशासन कार्यालय डोटीको सामान्य जानकारी

## जिल्ला प्रशासन कार्यालय डोटीको पूर्व ईतिहास :

कार्यालयको पूर्वइतिहास केलाउँदा १३औँ शताव्दीतिर निरञ्जन मल्लद्धारा स्थापित डोटी राज्य वि.सं. १८४६ मा गोर्खाली फौजसँगको पराजय पश्चात नेपाल राज्यमा गाभिन पुग्यो । केन्द्रबाट प्रशासित हुँदा समेत यस क्षेत्रको मूख्य प्रशासनिक केन्द्रका रुपमा २००७ साल पूर्वसम्म राणाकालीन समयमा पश्चिम कमाण्डिङ जर्नेलद्धारा प्रशासित र २००७ सालपछि मुलुकमा आन्तरिक व्यवस्था सञ्चालनका लागि पहिलो पटक केन्द्रमा गृह मन्त्रालय मातहत गौंडा/गोश्वारा र मूख्य प्रशासकीय अधिकारीको रुपमा बडाहाकिमको व्यवस्था भए बमोजिम डोटी गौँडाको रुपमा परिवर्तित भई परिवर्तित भूमिका अनुरुप कार्यसम्पादन हुँदै आएको थियो ।

२०१७ सालको परिवर्तन र २०१८ सालमा मुलुकलाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरे पश्चात डोटी सेती अञ्चलको छुट्टै जिल्लाको रुपमा रहेको र जिल्ला पञ्चायत कार्यालयको नामबाट सेवा प्रवाह गरेको पाइन्छ । कार्यालयको मुख्य प्रशासनिक अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था भै हालसम्म कायम छ । २०३७ सालमा जिल्ला कार्यालय र २०४८ सालपछि जिल्ला प्रशासन कार्यालयको नामबाट जिल्लाको सामान्य प्रशासन सञ्चालन गरी आएको छ ।

स्वतन्त्र डोटी राज्य हुँदाको अवस्था देखि पश्चिम कमाण्डिङ जनरलको कार्यालय/तल्लो ढोकाको नामले समेत चिनिने गरेको र डोटी गौँडा हुँदै हाल जिल्ला प्रशासन कार्यालयको रुपमा जिल्लाको प्रमुख प्रशासनिक नेतृत्वदायी भूमिकामा रहेको यस कार्यालयले ऐतिहासिक महत्व बोकेको छ । यस क्षेत्रको मूख्य प्रशासनिक भूमिकामा सधैँ आफूलाई अग्रणी सावित गरेको यस कार्यालयले ऐतिहासिक महत्व/गरिमा कायम राख्दै आज पनि आमजनतालाई चुस्त दुरुस्त ढंगले सेवा प्रदान गर्दै आएको छ।



*जिल्ला प्रशासन कार्यालय, डोटी*

## कार्यालयको प्रकृति :

जिल्ला प्रशासन कार्यालय जिल्ला स्तरमा रहेको संघ अन्तरको मुख्य प्रशासनिक निकाय हो । यस कार्यालयले नेपाल सरकारको प्रतिनिधि निकायका रुपमा रहि जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने, गैर कानूनी कार्य हुन नदिई सुशासनको प्रत्याभूतिका लागि काम गर्ने गर्छ ।

जिल्लामा विकास लगायत जन जीविकाका सवालमा उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद व्यवस्थापन, आपूर्ति व्यवस्थापन, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण, प्रचलित कानून अनुसार जनताको गुनासो सुन्ने र समाधान गर्ने, चोरी, ठगी नियन्त्रण गर्ने, सार्वजनिक अपराध नियन्त्रण गर्ने कार्य यस कार्यालयले गर्दछ । सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि महत्वपूर्ण कार्यहरु जिल्ला प्रशासन कार्यालयले गर्ने गर्छ ।

यस कार्यालयले नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ ले निर्दिष्ट गरेका गृह प्रशासनका अधिकार क्षेत्र भित्र रहेर काम गर्दै आएको छ । संघ, प्रदेश र स्थानीय तहहरूबीच समन्वय र सुरक्षा प्रबन्ध, अपराध रोकथाम तथा नियन्त्रण, दैनिक रुपमा नियमानुसार नागरिकता र राहदानी वितरण, हातहतियार तथा खरखजाना, सार्वजनिक सम्पत्तिको संरक्षण, जुवाजन्य क्रियाकलापहरूको नियन्त्रण, लागू औषध नियन्त्रण, विपद् व्यवस्थापन, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति तथा बजार अनुगमन, सरकारी सवारी साधनको समुचित प्रयोगको व्यवस्था मिलाउने र अन्य आकस्मिक कार्यहरू गर्दै आएको छ ।

स्थानीय प्रशासन ऐन, २०२८ लागू भै उक्त ऐनको दफा (५)ले जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था र नेपाल सरकारले त्यस कार्यालयको प्रमुख प्रशासकीय अधिकारीका रुपमा प्रमुख जिल्ला अधिकारी नियुक्त गर्ने ब्यवस्था अनुरुप नेपाल सरकारको नीति, निर्देशन तथा रेखदेखमा रहि जिल्लाको शान्ति सुरक्षा, अमनचयन कायम गर्न समन्वयकारी भूमिका निर्वाह गर्दै विकास तथा सुशासनका लागि जिम्मेवार प्रशासनिक निकायका रुपमा यस कार्यालयले भूमिका निर्वाह गरि रहेको छ ।

## जिल्ला प्रशासन कार्यालयको काम कर्तव्य र अधिकार :

- ✓ जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने।
- ✓ गुनासो वा ठाडो उजुरी सुन्ने, आवश्यक कारवाही गर्ने वा सन्बन्धित निकायमा कारवाहीका लागि शिफारिस गरी पठाउने ।
- ✓ जिल्लामा प्रहरी प्रशासनको रेखदेख र नियन्त्रण गर्ने ।
- ✓ अनुचित नाफाखोरी,दैनिक उपभोग्य सामाग्रीको संचय गरी कृत्रिम अभाव सृजना गर्ने लगायतका गैर कानूनी कार्य हुन नदिन नियमित बजार अनुगमन गर्ने, वस्तु तथा सेवाको आपूर्ति सहज तुल्याउने ।
- ✓ जिल्लास्थित कार्यालयहरुको समन्वय तथा अनुगमन गर्ने, सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्ने ।
- ✓ नागरिकहरुलाई सरल, सुलभ तथा व्यवस्थित रुपमा नागरिकता वितरण गर्ने, राहदानी सिफारीस तथा वितरण गर्ने।
- ✓ नावालक परिचय पत्र तथा त्यसको प्रतिलिपि जारी गर्ने।
- ✓ साविकमा जारी भएका नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपि उपलव्ध गराउने, नाम,थर,उमेर फरक परेको सिफारीस गर्ने।
- ✓ तोकिए बमोजिम आदिवासी जनजाती, दलित, द्धन्द पीडित आदि प्रमाणित गर्ने।
- ✓ हातहतियार, खरखजानाको नियमन तथा नियन्त्रण, विस्फोटक पदार्थको नियन्त्रण गर्ने, हात हतियार नवीकरण तथा इजाजत पत्रको प्रतिलिपि उपलव्ध गराउने ।
- ✓ संस्था दर्ता/नवीकरण, संस्थाको विधान संसोधन,जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृती,पत्रपत्रिका दर्ता,छापाखाना सञ्चालन स्वीकृती आदिसम्बन्धी कार्य गर्ने ।
- ✓ अर्धन्यायिक निकायको हैसियतले न्यायसम्पादनको कार्य गर्ने। विपद व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- ✓ अन्य निकायलाई नतोकिएका कार्यहरु गर्ने ।

## हाल कार्यरत कर्मचारी विवरण :

| सि.नं. | नामथर | दर्जा |
|---|---|---|
| १. | शंकर बहादुर विष्ट | प्र.जि.अ. |
| २. | पुष्कर खड्का | स.प्र.जि.अ. |
| ३. | यादव बहदुर भण्डारी | प्र.अ. |
| ४. | तिलक नेपाली | नायब सुब्बा |
| ५. | लाल ब. बोगटी | नायव सुब्बा |
| ६. | राजन के.सी. | नायव सुब्बा |
| ७. | प्रयागराज पाध्या | लेखापाल |
| ८. | सुरेन्द्र प्रसाद जोशी | खरिदार |
| ९. | ज्ञानेन्द्र ओझा | खरिदार |
| १०. | गौतम बहादुर रोकाया | कम्प्यूटर अपरेटर |
| ११. | सुवाश परियार | कम्प्यूटर अपरेटर |
| १२. | पूर्ण दमाई | का.स. |
| १३. | सिताराम राना | ह.स.चा. |
| १४. | कृष्ण साउद | का.स. |
| १५. | रत्ना साउद | का.स. |
| १६. | दीपेन्द्र नगरकोटी | का.स. |
| १७ | जगु खडका | का.स. |
| राष्ट्रिय परिचयपत्र विवरण दर्ता तर्फ | | |
| १८ | प्रमेश्वरी जोशी | विवरण दर्ता अपरेटर |
| १९ | माया कुमारी भट्ट जोशी | सहयोगी कर्मचारी |

## कार्यालयबाट प्रदान गरिने सेवाहरू:

- ➢ शान्ति सुरक्षा, ठाडो उजुरी तथा गुनासो सम्बन्धी,
- ➢ नागरिकता तथा राहदानी सम्बन्धी,
- ➢ बजार अनुगमन सम्बन्धी,
- ➢ संघ/संस्था तथा पत्र पत्रिका र छापाखाना सम्बन्धी,
- ➢ दलित, आदिवासी/जनजाति लगायत अन्य सिफारिस सम्बन्धी,
- ➢ सार्वजनिक सेवा प्रवाहमा समन्वय रेखदेख र नियन्त्रण सम्बन्धी,
- ➢ विपद व्यवस्थापन सम्बन्धी,
- ➢ प्रचलित नेपाल कानून र नेपालसरकारद्धारा तोकिएका अन्य कार्यहरू ।

## कर्मचारी दरवन्दी :

| क्र.सं. | पद | तह/श्रेणी | कायम दरवन्दी | पद पूर्ति | रिक्त | करारमा पूर्ति |
|---|---|---|---|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी | रा.प.प्रथम | १ | १ | - | - |
| २. | स.प्र.जि.अ. | रा.प.द्वितीय | १ | १ | | - |
| ३. | प्रशासकीय अधिकृत | रा.प.तृतीय | २ | ० | २ | - |
| ४. | नायव सुब्बा | रा.प.अनं. प्रथम | ७ | ३ | ४ | - |
| ५. | लेखापाल | रा.प.अनं. प्रथम | १ | १ | - | - |
| ६. | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | २ | - | - | २ |
| 7. | खरिदार | रा.प.अनं. द्वितीय | ४ | २ | २ | - |
| ८. | हलुका सवारी चालक | श्रेणी विहिन | २ | - | १ | १ |
| ९. | कार्यालय सहयोगी | श्रेणी विहिन | ७ | १ | - | ६ |
| | जम्मा | | २७ | ९ | ९ | ९ |

# सांगठनिक संरचना




## निर्णय उपर उजुरी सुन्ने अधिकारी

| क्र.सं. | निर्णय गर्ने अधिकारी | उजुरी सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|
| १. | स.प्र.जि.अ. | प्र.जि.अ. | |
| २. | प्र.जि.अ. | सचिव, गृह मन्त्रालय | अर्ध न्यायीक निकायको हैसियतले गरेको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्ने । |

## कार्यालय प्रमुख र सूचना अधिकारीको नाम, पद र सम्पर्क नं.

| क्र.सं. | जिम्मेवारी | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | कार्यालय प्रमुख | शंकर बहादुर बिष्ट | प्र. जि. अ. | ९८५८४३७७७७ |
| २. | गुनासो सुन्ने अधिकारी | पुष्कर खड्का | स. प्र. जि. अ. | ९८५८४३६६६६ |
| ३. | सूचना अधिकारी | पुष्कर खड्का | स. प्र. जि. अ. | ९८६४३२३७३७<br>९८५८४३६६६६ |

## आम्दानी खर्च तथा आर्थिक सम्बन्धी विवरणः

### क) बिनियोजन तर्फ (श्रावण देखि पुस मसान्तसम्मको अध्ववावधिक)

| क्र.सं. | व.उ.सि.नं./विवरण | बजेट रु. | निकासा रु. | खर्च रु. | बजेट बाँकी रु. |
|---|---|---|---|---|---|
| १. | ३१४९२०११३(चालु) | १८०६६०००/- | ५७५२९६२.२६/- | ५७५२९६२.२६/- | १२३१३०३७.७४ |
| २. | ३१४९२०११४(पूजिगत) | १००००००/- | ३९५५०/- | ३९५५०/- | ९६०४५०/- |
| ३. | ३१४०१०११३(चालु) | ८५५०००/- | ३५६१२०/- | ३५६१२०/- | ४९८८८०/- |
| जम्मा | | १९९२१०००/- | ६१४८६३२.२६/- | ३२४५४९८ | १३७७२३६७.७४/- |

### ख) विविध र धरौटीतर्फ (श्रावण देखि पुस मसान्तसम्मको अध्ववावधिक)

| क्र.स. | विवरण | अ.ल्या | प्राप्ति | फिर्ता/खर्च | बाँकी मौज्दात |
|---|---|---|---|---|---|
| १. | विविध क २०६ | २७७२७१०/- | ११००००००/- | ६८१५४३६/- | ६९५७२७४/- |
| २. | धरौटी | १९४६५९/- | ९२०३२०/- | ३३३३७५००/- | ७७७४७९/- |

### ग) राजश्व तर्फ (श्रावण देखि पुस मसान्तसम्मको अध्ववावधिक)

| क्र.स. | विवरण | गतबर्षको मौज्दात | राजश्व प्राप्ति | बैङ्क दाखिला | नगद मौज्दात |
|---|---|---|---|---|---|
| १. | राजश्व प्राप्ति | ०.०/- | १९६३२७०/- | १९६३२७०/- | ०.०/- |

## चालु अर्थिक बर्षको श्रावण देखि पौषसम्म सम्पादित कार्यहरुको परिमाणात्मक प्रगति विवरण

| क्र.सं. | सम्पादित क्रियाकलापहरु | | महिनाको नाम | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | |
| १ | नागरिकता वितरण | बंशज | ८४३ | ८२४ | ३६८ | १३१ | ९६८ | ८४७ | ३,९८१ |
| | | वैवाहिक अंगिकृत | - | - | १ | - | - | १ | २ |
| | | जन्मका आधारमा लिएका सन्तानलाई | - | - | - | - | - | - | - |
| २ | नागरिकताको प्रतिलिपि वितरण | | ३४१ | ४५५ | २११ | १९४ | ३२९ | ३५३ | १,८८३ |
| ३ | राहदानी सिफरिस तथा वितरण | राहदानी सिफारिस | ७८ | ४५ | ४३ | ६२ | १० | ४२ | २८० |
| | | राहदानी वितरण | ५० | ४७ | १७ | ६० | ५२ | ७४ | ३०० |
| ४ | गुनासो तथा ठाडो उजुरी | | २ | ६ | ४ | २ | २ | ६ | २२ |
| ५ | नाम थर, उमेर आदि प्रमाणित | | ३७ | ९७ | १३८ | १८ | ८७ | ८५ | ४६२ |
| ६ | नावालक परिचयपत्र | | २० | २३ | १ | ४ | २ | ४ | ५४ |
| ७ | पारिवारिक पेन्सन, शपथ पत्र तथा सिफारिस | | - | - | - | - | - | - | - |
| ८ | संस्था दर्ता सम्बन्धी | संस्था दर्ता | ३ | ४ | - | - | - | ४ | ११ |
| | | संस्था नवीकरण | ३ | ४ | ८ | २ | ३ | ३ | २३ |
| | | संस्थाको विधान संशोधन | - | १ | - | - | - | - | १ |
| | | पत्रपत्रिका दर्ता | - | - | - | - | - | - | - |
| ९ | हातहतियार सम्बन्धी | हातहतियार ईजाजत | - | - | - | - | - | - | - |
| | | हातहतियार जिल्ला भित्रको नविकरण | - | - | - | - | २ | - | २ |
| | | हातहतियार नेपाल भरिको नविकरण | - | - | - | - | - | - | - |
| | | हातहतियार नामसारी | - | २ | - | - | २ | - | ४ |
| | | हातहतियार खरखजाना जफत | - | - | - | - | - | - | - |
| १० | विष्फोटक पदार्थ सम्बन्धी | विष्फोटक पदार्थ इजाजतपत्र | | - | - | - | - | - | - |
| | | विष्फोटक पदार्थ इजाजतपत्र नविकरण | - | - | - | - | - | - | - |
| ११ | अभद्र व्यवहार सम्बन्धि मुद्दा | सार्वजनिक अपराध र सार्वजनिक शान्ति विरुद्धका कसुर सम्बन्धी मुद्दा दर्ता | २ | ६ | - | २ | २ | ५ | १७ |
| | | सार्वजनिक अपराध र सार्वजनिक शान्ति विरुद्धका कसुर सम्बन्धी मुद्दा फछ्र्यौट | - | - | - | ७ | १ | २ | १० |
| १२ | एकीकृत घुम्ति सेवा शिविर | नागरिकता वितरण | - | | - | - | - | - | - |
| | | स्वास्थ्य सेवा प्रदान | - | - | - | - | - | - | - |
| | | मतदाता परिचय पत्र | - | - | - | - | - | - | - |
| | | अपाङ्ग परिचयपत्र सिफारिस | - | - | - | - | - | - | - |
| | | कृषि सम्बन्धी परामर्श | - | - | - | - | | - | - |
| | | पशु सम्बन्धी परामर्श | - | - | - | - | - | - | - |
| १३ | बजार अनुगमन | अनुगमन | १ पटक | | ५ पटक | २ पटक | - | | ८ पटक |
| | | कार्वाही | - | | ३४ | | - | | ३४ |

## चालु अर्थिक बर्षको श्रावण देखि पौषसम्म सम्पादित कार्यहरुको परिमाणात्मक प्रगति विवरण

| क्र.सं. | सम्पादित क्रियाकलापहरु | | महिनाको नाम | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | |
| १४ | विपद् राहत वितरण | विपदबाट पीडित राहत वितरण | | | २५ | २७७ | १२५ | १२ | ४७७ |
| | | राहत प्रदान | | | ११३,००० | ४,८५१,००० | १,२०४,००० | ३१०,००० | ७०१९००० |
| १५ | राजश्व संकलन | राहदानी | ४१,५०० | ३४५,००० | १७०,००० | ६५०,००० | २५,००० | - | १,२३१,५०० |
| | | हातहतियार | - | १,५०० | - | - | २,००० | २,००० | ५,५०० |
| | | संघ संस्था दर्ता नविकरण | ९,१०० | ५,५०० | ४,५०० | २,२०० | १,८०० | ३,४०० | २६,५०० |
| | | प्रशासनिक दण्ड जरिवाना | १५,००० | ८,००० | ५०,००० | ३०,००० | - | - | १०३,००० |
| | | धरौटी सदरस्याहा | २२१,६७० | - | - | - | - | - | २२१,६७० |
| | | धरौटी प्राप्त | २८५,००० | १७६,३२० | - | १८९,००० | - | २५,००० | ६७५,३२० |
| १६ | कार्यालयको खर्च विवरण | पुँजीगत तर्फ | - | - | ३९,५५० | - | - | - | ३९,५५० |
| | | चालु तर्फ | - | ९१५,८८२ | २,१४७,३६६ | ६८०,३३४ | १,००८,२७१ | १,००१,१०९ | ५,७५२,९६२ |
| १७ | द्वन्द प्रभावितका लागि राहत वितरण | राहत प्राप्त गर्ने संख्या | - | - | - | - | १ | ६ | ७ |
| | | वितरित राहत रकम | - | - | - | - | ७२,००० | १९३,२०० | २६५,२०० |
| १८ | लागू औषध सम्बन्धी | पक्राउ संख्या | - | - | - | - | - | २ | २ |
| | | | | | | | | | |
| | | पक्राउ परिमाण | - | - | - | - | - | ६६०मि.ग्रा. | ६६०मि.ग्रा. |
| | | मुद्दा चलाईएको संख्या | - | - | - | - | - | १ | १ |
| | | मुद्दा फछ्यौंट संख्या | - | - | - | - | - | - | - |
| १९ | शान्ति सुरक्षा | आपराधिक घट्ना | १७ | १२ | १० | ८ | ९ | १२ | ६८ |
| | | अभियुक्त पक्राउ | १४ | २१ | ६ | १० | ७ | ७ | ६५ |
| | | मुद्दा चलाइएको संख्या | १७ | २१ | १० | ८ | ९ | ७ | ७२ |
| | | अपहरणका घट्ना | - | - | - | - | - | - | - |
| | | हत्याका घट्ना | - | - | - | - | २ | - | २ |

# चालु अर्थिक बर्षको श्रावण देखि पौषसम्म सम्पादित कार्यहरुको परिमाणात्मक प्रगति विवरण

| क्र.सं. | सम्पादित क्रियाकलापहरु | | महिनाको नाम | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| २० | तस्करी नियन्त्रण | परिचालित गस्ती | ३७० | ३७० | ३७० | ३७० | ३२० | ३८० | २,१८० |
| | | पक्राउ परेको संख्या | १३ | - | - | - | - | - | १३ |
| | | पक्राउ परेको सामान | - | - | - | - | - | - | - |
| | | भएको कारवाही | - | - | - | - | - | - | - |
| २१ | सडक दुर्घटना | संख्या | - | - | - | १ | १ | - | २ |
| | | मृत्यू संख्या | - | - | - | १ | १ | - | २ |
| | | घाईते संख्या | - | - | - | - | - | - | - |
| २२ | सिमा व्यवस्थापन | सीमा अतिक्रमणका घट्ना | - | - | - | - | - | - | - |
| | | गस्ती पेट्रोलिङ | - | - | - | - | - | - | - |
| | | समन्वय बैठक | - | - | - | - | - | - | - |
| २३ | वेरुजु सम्परीक्षण | रु. अंकमा | | | - | - | - | - | - |
| २४ | गुनासो सुनुवाई | गुनासो दर्ता | ७ | ६ | - | ३ | - | ६ | २२ |
| | | फछ्रौंट संख्या | ७ | ६ | - | ३ | - | ६ | २२ |
| २५ | अ.दु.अ.आ. सम्बन्धी कारवाही | प्राप्त पत्र संख्या | २ | २ | - | २ | २ | २ | १० |
| | | जवाफ पठाईएको संख्या | - | १ | - | - | - | ४ | ५ |
| | | कार्यालयमा प्राप्त उजुरी | - | - | - | - | - | - | - |
| | | गरिएको कारवाही | - | - | - | - | - | | - |
| २६ | जिल्ला स्थित सुरक्षा समितिको बैठक | | - | २ | १ | ४ | १ | १ | ९ |
| २७ | जिल्ला स्थित कार्यालय प्रमुखको वैठक | | १ | १ | १ | १ | १ | १ | ६ |
| २८ | सुचना माग सम्बन्धि | निवेदन प्राप्त (सूचना माग) संख्या | १ | - | - | - | - | - | १ |
| | | सूचना दिईएको संख्या | १ | - | - | - | | - | १ |
| २८ | सुचना माग सम्बन्धि | निवेदन प्राप्त(सूचना माग) संख्या | १ | - | - | - | - | - | १ |
| | | सूचना दिईएको संख्या | १ | - | - | - | | - | १ |
| २९ | क्वारेन्टाईन | कोरेन्टाईनमा थप | - | - | - | - | - | - | - |
| | | कोरेनटाईनबाट छुटेका | - | - | - | - | - | - | - |
| | | क्वारेन्टाइनमा बाँकी | - | - | - | - | - | - | - |
| | PCR Report | positive | ९ | १६ | २ | १ | - | ६ | ३४ |
| | | negative | ७६ | ८७ | २४ | ४ | ३ | २ | १९६ |
| | | Descharge | १२ | २४ | १२ | १ | - | - | ४९ |
| ३० | Antigene Report | Reactive | ४ | ६ | २ | - | - | २७ | ३९ |
| | | Non-reactive | ६६ | १२७ | ४४ | ३२ | २२ | २१० | ५०१ |
| | | जम्मा | ७० | १३३ | ४७ | ३२ | २२ | २३७ | ५४१ |
| ३१ | Antigent | positive | ४ | ६ | २ | - | - | - | १२ |
| | | negative | ६६ | १२७ | ४४ | ३२ | २२ | - | २९१ |
| ३२ | राष्ट्रिय परिचय पत्र दर्ता | | ९६३ | १,६६१ | ३५३ | ४४४ | १,०३८ | ७३५ | ५,१९४ |

## शान्ति सुरक्षा र अपराध नियन्त्रण :

१. जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्थालाई मजवुत वनाई राख्न निर्माण गरिएको जिल्लाको एकिकृत रणनीतिक सुरक्षा योजना जिल्ला सुरक्षा समितिबाट अद्यावधिक गरी कार्यान्वयनमा ल्याईएको छ । साथै राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गरिने सुरक्षा कारवाहीको जिल्ला स्तरीय कार्ययोजना तथा लागू औषध नियन्त्रण, अवैध मदिरा नियन्त्रण, मेला, जात्रा, पर्व सुरक्षा योजना लगायतको क्षेत्रगत कार्य योजना निर्माण गरी कार्यान्वनयनमा ल्याईएको छ ।

२. दशै तिहार लगायत जिल्लाका विभिन्न स्थानहरुमा स्थानीय संस्कृति र परम्परा अनुसार लाग्ने जात्रा, मेला, पर्व लगायत मर्यादित ढंगले सुसम्पन्न गर्न चाडवाड लक्षित विशेष सुरक्षा योजना निर्माण गरी लागू गरिएको र यस वर्ष कुनै पनि अप्रिय घटना नघटेको ।



शैलेश्वरी जाँत

३. समय समयमा जिल्ला सुरक्षा समितिको वैठक वसी समितिबाट भए गरिएका निर्णयहरु कार्यान्वयनको अवस्थाका साथै जिल्लाको समसामयिक सुरक्षा वस्तुस्थितिको विश्लेषण गरी आवश्यक आवश्यक रणनीति अवलम्वन गर्ने गरिएको छ । यस अवधिमा जिल्ला सुरक्षा समितिको ९ पटक औपचारिक वैठक वसी विभिन्न निर्णयहरु भई कार्यान्वयन गरिएको छ । जिल्ला सुरक्षा समितिका पदाधिकारीहरु वीच निरन्तर सम्पर्क र समन्वय गरी सूचना आदान प्रदान गर्ने गरिएबाट सुरक्षा चुनौतीको आंकलन गरी आवश्यक निर्णय लिइने गरिएको छ ।

४. यस अवधिमा वाढीग्रस्त क्षेत्रको अवलोकन निरीक्षणको सिलसिलामा सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय अर्थ मन्त्रीज्यू, माननीय



*वाढीग्रस्त क्षेत्रको अवलोकन निरीक्षणको सिलसिलामा सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाज्यू*

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यू र पूर्व मन्त्रीज्यूहरु तथा सुदूर पश्चिम प्रदेशका माननीय मूख्य मन्त्रीज्यू, माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीज्यू, माननीय भौतिक पूर्वाधार विकास मन्त्रीज्यू, प्रदेश सभा सदस्यज्यूहरु लगायत विशिष्ठ पदाधिकारीहरुको भ्रमण सम्पन्न भई भ्रमणको अवधिमा सुरक्षा योजना बमोजिम नै त्रुटी रहित सुरक्षा व्यवस्था मिलाईएको



५. यस अवधिमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, राष्ट्रिय महिला आयोगका माननीय सदस्यहरु, राष्ट्रिय दलित आयोगका माननीय सदस्य लगायतको भ्रमण भई विविध विषयमा अध्ययन अवलोकन छलफल र निर्देशन भएकोमा सरोकारवाला निकायहरुलाई कार्यान्वयनका लागि पठाईएको ।



६. छिमेकी जिल्लाहरुसंग समन्वय गरी एक आपसमा सहयोग आदान प्रदान समेतका लागि मिति २०७८/०९/२४ मा कालिकोट आछाम र डोटी जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुखहरु सम्मिलित अन्तर जिल्ला समन्वय वैठक आछाम जिल्लाको सांफेवगरमा सम्पन्न भयो । उक्त वैठकमा खास गरी एक अर्को जिल्लाको लाईफलाईनको रुपमा रहेका सडक मार्ग कुनै पनि वहानामा अवरुद्ध हुन नदिने, आपुर्ति व्यवस्थालाई सहज तुल्याउने, विपदको समयमा खोज उद्धारमा सहयोग पुर्याउने, अपराधिक कृयाकलाप नियन्त्रण गर्न सूचना आदान प्रदान लगायतमा सहयोग र समन्वय गर्ने विषयमा सहमति भएको थियो । त्यस्तै मिति २०७८/०९/२९ का दिन डडेल्धुरा जिल्ला र डोटी जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका वीच अन्तर जिल्ला समन्वय वैठक सम्पन्न भई विभिन्न निर्णय र समझदारी भएको थियो ।




*अन्तर जिल्ला समन्वय वैठकका सहभागीहरु*

७. यस जिल्लामा हालसम्म घटेका अपराधिक घनाको तथ्यांक हेर्दा अभद्र व्यवहार गर्न नहुने १२ वटा, झुण्डिइ आत्महत्या गरेको ११ वटा, करणी सम्वन्धी अपराध ९ वटा र लिखत सम्वन्धी कसूर ६ वटा रहेको देखिन्छ । अपराधिक घटनाहरुको सूचना हुने वित्तिकै आरोपितलाई नियन्त्रणमा लिई कानूनी दायरामा ल्याईएको छ । यस अवधिमा ६८ जना फरार अपराधी पक्राउ परेका छन ।

